श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वाग्मती अञ्चल ट्राफिक प्रहरी पोष्ट विस्तार गर्नको लागि निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

का. न. पं. वडा नं. २६ अन्तर्गतको पूर्व नारांदेवी मानन्धरनीको जग्गा, पश्चिम दरबार मार्ग (सडक), उत्तर प्रहरी पोष्ट कम्पाउण्ड, दक्षिण सार्वजनिक सडकलाई छुट्याई राखेको जग्गा यति चार किल्लाभित्रको रू. १।७१ (एक रुपैयाँ एकहत्तर पैसा) लाग्ने जम्मा जग्गा रोपनी ०-७-० (सात आना) को कित्ता – – – १

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२८८